# कहाँ हराए १ लाख १६ हजार भूकम्पपीडित ?

अच्युत पुरी/नयाँ पत्रिका काठमाडौं, ६ पुस

**असहायको घर बनाइदिने प्राधिकरणको तयारी –**

नेपाल सरकारले लाभग्राही सूचीमा सूचीकृत गरेकामध्ये १ लाख १५ हजार ९ सय १३ जना भूकम्पपीडित अझै सम्पर्कमा आएका छैनन् । नेपाल पुनर्निर्माण प्राधिकरणका अनुसार लाभग्राही सूचीमा परेको कुल घर संख्या ७ लाख ६७ हजार ७ सय ५ हो । तर, अहिलेसम्म पहिलो किस्ता बुझ्ने लाभग्राहीको संख्या ६ लाख ५१ हजार ७ सय ९२ घर मात्र छ । प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत युवराज भुसाल भन्छन्, 'भूकम्पको प्रभाव राष्ट्रियस्तरमा भन्दा व्यक्तिगत रूपमा बढी परेको छ, तर, अझै पनि १ लाखभन्दा बढी भूकम्पपीडित हराइरहेका छन् ।'

**किन पहिलो किस्ता बुझ्न आएनन् भूकम्पपीडित ?**

धेरै भूकम्पपीडितसँग आफ्नो स्वामित्वमा जग्गा नभएको प्राधिकरणका प्रवक्ता यमलाल भुसालले जानकारी दिए । कतिपय पीडितहरू सार्वजनिक-ऐलानी जग्गामा घर बनाएर बसेका छन् । सर्वप्रथम आफ्नो स्वामित्वमा जग्गा भएका सेवाग्राहीलाई छिटोभन्दा छिटो सुरक्षित आवासमा पठाउने गरी काम भइरहेको छ । आफ्नो स्वामित्वमा जग्गा नहुनेको हकमा के गर्ने भन्नेबारे अन्योल जारी रहेको प्राधिकरणका सिइओ युवराज भुसालले जानकारी दिए ।

- *आफ्नो स्वामित्वमा जग्गा–जमिन नहुने*
- *कानुनी प्रक्रिया पूरा नगरेका*
- *विदेशमा बसोवास गर्ने*
- *भूकम्पको जोखिममा रहेको जग्गामा घर पर्ने*
- *झुटो विवरण पेस गर्ने (फेक सेवाग्राही)*

यसबाहेक कानुनी विधि पूरा नगरेका, नेपालमा जग्गा–जमिन भए पनि विदेशमा बसोवास गर्ने, भूकम्पीय जोखिमयुक्त जग्गामा घर भएका सेवाग्राहीले समेत अझै पहिलो किस्ता

बुझेका छैनन् । साथै कतिपय झुटो विवरण पेस गरी रकम दाबी गर्ने मानिस पनि यसभित्र पर्ने प्रवक्ता यमलाल भुसालले जानकारी दिए ।

**असहायको घर बनाइदिने उपाय खोज्दै प्राधिकरण**

यसैबीच, नेपाल पुनर्निर्माण प्राधिकरणले नगद रकम दिँदा पनि आफैँ घर बनाउन नसक्ने असहाय भूकम्पपीडितका लागि तयारी घर नै प्रदान गर्ने सम्बन्धमा छलफल अगाडि बढाएको छ ।
‘एकल महिला, वृद्धवृद्धा, १६ वर्षभन्दामुनिका बालबालिका, अपांगता भएका व्यक्तिलगायतको स्वामित्वमा रहेका घर उनीहरू आफैँले बनाउन सक्ने अवस्था देखिएन,’ साउथ एसिया वाच अन ट्रेड, इकोनोमी एन्ड इन्भ्याइरोमेन्ट (सावती)द्वारा बुधबार राजधानीमा आयोजित कार्यक्रममा प्राधिकरणका सिइओ युवराज भुसालले भने, ‘उनीहरूलाई कसरी घर बनाइदिने भन्ने सन्दर्भमा छलफल भइरहेको छ ।’

उनका अनुसार कुल सेवाग्राहीमध्ये करिब २५ हजारदेखि ३० हजारसम्म असहाय सेवाग्राही छन् । जसलाई ३ लाखको साटो १० लाख नगद दिए पनि आफैँ घर बनाउन असमर्थ छन् । यस्तो समस्या रहेका भूकम्पपीडितको सर्वप्रथम संख्या यकिन गर्ने, त्यसको मापदण्ड बनाउने र उनीहरूका लागि घर बनाइदिने दाताको खोजी गर्ने सम्बन्धमा प्राधिकरणले छलफल गरिरहेको प्रवक्ता यमलाल भुसालले जानकारी दिए । प्राधिकरणसँगको समन्वयमा राष्ट्रिय–अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थामार्फत घर बनाएर हस्तान्तरण गर्ने सम्बन्धमा प्राधिकरणले छलफल सुरु गरेको हो ।

**भूकम्पपछिको अर्थतन्त्र पुनरुद्धारको चरणमा : अध्ययन**

भूकम्पबाट प्रभावित अर्थतन्त्र अहिले पुनरुद्धारको चरणमा रहेको एक अध्ययनले देखाएको छ । साउथ एसिया वाच अन ट्रेड, इकोनोमी एन्ड इन्भ्यारोमेन्ट (सावती)का लागि राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. युवराज खतिवडाले गरेको एक अध्ययनअनुसार अर्थतन्त्रका विविध पक्षमा अहिले उल्लेख्य सुधार आइसकेको छ । कृषि, उत्पादन, सेवा, शिक्षा, रोजगारी,

श्रम, मुद्रास्फीतिजस्ता क्षेत्रमा परेको प्रभाव अहिले भूकम्पअगाडिकै अवस्थामा फर्किसकेको देखिएको छ।

भूकम्पबाट हजारौँ मानिसको ज्यान जानु र ऐतिहासिक सम्पदा ढल्दा पैसामा अतुलनीय क्षति पुगे पनि अर्थतन्त्रमा मापन गर्न सकिने धेरै क्षेत्र भने अब पुरानै अवस्थामा आइसकेको डा. खतिवडाले बताए । तर, कार्यक्रम कार्यान्वयनमा ढिलाइ गर्दा अझै पनि लाखौँ भूकम्पपीडितले यसको अनुभूति भने गर्न नपाएको उनको भनाइ छ । प्रक्रियामा जतिसुकै प्रगति देखिए पनि जनताको स्तरमा त्यसले प्रभाव नपारेसम्म पुनर्निर्माणले गति लिएको मान्न नसकिने राष्ट्रिय योजना आयोगका अर्का पूर्वउपाध्यक्ष डा. शंकर शर्माले बताए । पुनर्निर्माण प्राधिकरणका सिइओ युवराज भुसालले इन्जिनियर, प्राविधिक, जनशक्ति अभावको समस्या समाधान गर्दै प्राधिकरणले कामलाई तीव्रता दिएको जानकारी दिए ।